# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिका नगरपालिका, चितवन

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**


पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू
कालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
चितवन ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८।७९

च.नः २५७

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
कालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
चितवन ।

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कालिका नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएता पनि सबै कारोबारलाई समेट्न सकेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ६ लाख १४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३० लाख १७ हजार र नियमित गर्नुपर्ने रु.७१ लाख १८ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३१ (एकतीस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण संग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)
नायब लेखापरीक्षक

कालिका नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उद्देश्य हो । वागमती प्रदेशको चितवन जिल्लामा अवस्थित यस नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य रहेका छन् । १६९.४९ व.क.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या करिब ४२४९३ रहेको छ

**स्थानीय सञ्चितकोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्षको रु. (हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ९३४४५३ | ८४८१४४ | १४५०० | ८६२६४४ |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | **७७४५६४** | **६९११६७** | **१४५००** | **७०५६६७** |
| ११०० कर | ११ | १७९४१५ | १४१२८८ | ० | १४१२८८ |
| १३०० अनुदान | | ५६२८५९ | ५२८९६५ | १४५०० | ५४३४६५ |
| संधीय सरकार | १२ | ४४५६४७ | ४१४९७६ | १४५०० | ४२९४७६ |
| प्रदेश सरकार | १२ | ७६७१२ | ६७१२८ | ० | ६७१२८ |
| आन्तरिक श्रोत | १२ | ३०५०० | ३०६६० | ० | ३०६६० |
| जनसहभातिता | | १०००० | १६२०१ | ० | १६२०१ |
| १४००० अन्य राजस्व | | ३१२९० | २०९०६ | ० | २०९०६ |
| १५००० विविध प्राप्ती | | १००० | ६ | ० | ६ |
| **ख. अन्य प्राप्ती** | | **१५९८८९** | **१५६९७६** | **०** | **१५६९७६** |
| वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ४०००० | ३३७९७ | ० | ३३७९७ |
| धरौटी | | ० | १०२४० | ० | १०२४० |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११९८८९ | ११२९३८ | ० | ११२९३८ |
| **भुक्तानी (ग+घ)** | | **१०८८५१२** | **७४९८८२** | **१९०९९** | **७६८९८२** |
| **ग. भुक्तानी (संचित कोषबाट )** | | **९२८६२४** | **६०७५७१** | **१९०९९** | **६२६६७१** |
| २१००० पारिश्रमिक/सुविधा | १८ | १७९२५६ | १६६७३६ | ० | १६६७३६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १११८४४ | ८८९११ | ० | ८८९११ |
| २५००० सहायता | १८ | ६६०१ | ६४६४ | ० | ६४६४ |
| २६००० अनुदान | १८ | ३१५१ | ३१५१ | ० | ३१५१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ७८९० | ६१७० | ० | ६१७० |
| २८००० अन्य खर्च | १८ | ६४८० | ३४०९ | ० | ३४०९ |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | १८ | ६१३४०२ | ३३२७२८ | १९०९९ | ३५१८२८ |
| **घ. अन्य भुक्तानी** | | **१५९८८९** | १४२३१० | ० | १४२३१० |
| कोषहरु | | ४०००० | २५८८६ | ० | २५८८६ |
| धरौटी | | ० | ३५१२ | ० | ३५१२ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११९८८९ | ११२९३८ | ० | ११२९३८ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | 0 | (२७) | ० | (२७) |
| ङ. यो वर्षको बचत ( न्युन ) | | (१५४०६०) | ९८२६१ | (४५९९) | ९३६६१ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६६३४३ | | १६६३४३ |
| **वर्षान्तको बाकी रकम (ङ+च )** | | **(१५४०६०)** | **२६४६०५** | **(४५९९)** | **२६०००५** |
| | | | | | |
| बैक तथा नगद बाँकी | २४ | | २६०००५ | | २६०००५ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१.१.</td><td>जिम्मेवारी स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.१७ करोड ४५ लाख ४ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१६ करोड ६३ लाख ४३ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८१ लाख ६१ हजार फरक परेको देखियो ।जनसहभागिताको मौज्दात रकम सुत्रमा गत वर्षको जिम्मेवारी नदेखाई सिधै आन्तरिक आम्दानी देखाएकोले फरक परेको कार्यालयले जनाएको छ ।</td><td></td></tr>
<tr><td>१.२.</td><td>बैक हिसाब मिलानः स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण वार्षिक रुपमा तयार गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>विवरण</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>जम्मा हुन बाँकी</th><th>साट्न बाँकी</th><th>खुद बैंक</th></tr>
<tr><td>संचित कोष</td><td>२४२३४७८४२.९४</td><td>२६९३१७७९९.२२</td><td>२०९५०९५४.२४</td><td>४७९२०९१०.५२</td><td>२४२३४७८४२.९४</td></tr>
<tr><td>विभाज्य कोष</td><td></td><td>२२८८७३१.०४</td><td></td><td>२२८८७३१.०४</td><td>०</td></tr>
<tr><td>संचित कोष</td><td>२४२३४७८४२.९४</td><td>२६९३१७७९९.२२</td><td>२०९५०९५४.२४</td><td>४७९२०९१०.५२</td><td>२४२३४७८४२.९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</li>
<li>नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, पुँजीगत खर्च खाता, र विभाज्य कोषमा समेत गरी रु. २४२३४७८४२.९४ मौज्दात रहेको पाईयो ।</li>
<li>नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।</li>
<li>नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।</li>
</ul></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकाशं पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७६/३/४ मा निति तथा कार्यक्रम र २०७६।३।१० गते बजेट पेश भई रु.७८ करोड ६३ लाख ३९ हजारको बजेट पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले योजना स्पष्ट नगरी बजेट व्यवस्था गर्ने र कार्यपालिकाको निर्णयबाट बजेट बाँडफाड गरी खर्च गर्ने गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरण निम्नानसुर छन् | |

| बजेट शिर्षक | कार्यक्रम | खर्च शिर्षक | बजेट (रु.हजारमा) |
|---|---|---|---|
| समपुक अनुदान पुँजिगत | म्याचिकङ फण्ड | ३११५९ | २०००० |
| संघ राजश्व बाँडफाँड | म्याचिङ फण्ड | ३११५९ | ४०००० |
| | संस्कृति कार्यक्रम प्रबर्द्धन | ३११५९ | २००० |
| | सरकारी जग्गा संरक्षण | ३११७१ | २००० |
| | सार्वजनिक निर्माण र संचालन | ३११५९ | १०००० |
| | खानेपानी पूर्वाधार निर्माण | ३११५६ | १०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **स्रोत अनुमान तथा वजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकीकरण गरेको देखिएन । प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरकार्यपालिकावाट समेत थप बजेट छुट्टयाएको देखिएबाट योजना दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ । | |
| ७. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| कालिका नगरपालिका | २९९७६३ | १४००९ | ७१६५८ | २१३८०४ | १०४६४४ |
| विषयगत शाखा | १८४६७ | ० | २८९१ | १५६४७ | १२७५९ |
| संघिय सशर्त | १०३४९३ | ० | २५१८ | १००९७४ | ८३७७० |
| प्रदेश सशर्त | १८०६६ | ० | २३४ | १७८३२ | १६७५० |
| जम्मा खर्च | ४३९७८९ | १४००९ | ७७३०१ | ३४८२५७ | २१७९२३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| खर्च प्रतिशत | १०० | ४.०४ | २२.२९ | ७९.१८ | ५० |

८. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको नमुना छनौट गरी परीक्षण गर्दा ६ वटा योजना ५० हजार देखि १ लाख सम्मका र १०३ वटा योजना १ लाख देखि ५ लाख सम्मका समेत गरी १०९ वटा योजना ५ लाख भन्दा कम बजेटका संचालन भएको देखियो । तसर्थ नगरपालिकाले छनौट गरेको योजना मध्ये अधिकाशं योजना कम लागतको देखिएको छ । नगरपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन । नगरपालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

९. नगरपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार देखिएकोले समग्रमा ७०.५ प्रतिशत मात्र प्रगति रहेको छ ।

| **क्षेत्र** | **बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ६५०९४००० | ४१११०५४७.७२ | ६३.१५ |
| सामाजिक विकास | ४०३५०१००० | ३६००४७६७८.०७ | ८९.२३ |
| पूर्वाधार विकास | ४६७३९३००० | २५३२८०९९७.७० | ५४.१९ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४४८२५००० | ३७१२९८७४.३५ | ८२.८३ |
| **जम्मा** | **९८०८१३०००** | **६९१५६९०९७.८४** | **७०.५** |

१०. **योजना संचालन स्थिति** नगरपालिकाले पेश गरेको त्रिवर्षिय प्रगति प्रतिवेदन अनुसार आ.व २०७६/७७ मा उपभोक्ता समिति र बोलपत्रमा प्रतिस्पर्धा मार्फत संचालन भएको योजनाको स्थिति निम्नानुसार छ । अतः अधिकाश योजना उपभोक्ता समितिबाट संचालन भएको पाइयो । कार्य प्रकृति र जनसहभागिताको स्तरलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक किसिमले योजना संचालन गर्नुपर्ने देखिन्छ।

| सि.नं | योजना | संख्या | उ.स. बाट स.भ.यो | | | टेण्डरबाट स.भ.यो. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न | चालु | जम्मा | सम्पन्न | चालु | जम्मा |
| १ | नगरस्तरीयोजना | ३३१ | २६४ | ५२ | ३१६ | २ | १३ | १५ |
| २ | प्रदेश स्तरीय योजना | १० | ० | २ | २ | ० | ८ | ८ |
| ३ | जि.स.स मार्फत प्राप्त | १० | ० | १ | १ | ० | ९ | ९ |
| ४ | संघबाट प्राप्त योजना | २६ | १५ | ० | १५ | ० | ११ | ११ |
| ५ | प्रदेश पुर्वाधार | ४ | २ | ० | २ | ० | २ | २ |
| ६ | स्थानिय पुर्वाधार | ४ | २ | ० | २ | ० | २ | २ |
| | जम्मा | ३८५ | २८३ | ५५ | ३३८ | २ | ४५ | ४७ |

१०.१. **लक्ष्य प्रगतिः** नगरपालिकाले यसवर्ष ३८५ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये ३३८ वटा उपभोक्ता समिति मार्फत र ४७ वटा टेण्डर प्रक्रियाबाट सम्झौता भएको देखिन्छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

११. **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| **क्र.स** | **विवरण** | **सख्या** | |
|---|---|---|---|
| | | प्राप्त | सम्पन्न |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>घरबाटो सिफारिस</td><td>१२७९</td><td>१२७९</td></tr>
<tr><td>२</td><td>नागरिकता सिफारिस</td><td>११६६</td><td>११६६</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>४८३</td><td>४८३</td></tr>
<tr><td>४</td><td>व्यक्तिगत घटना दर्ता</td><td>१४८३</td><td>१४८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२.</td><td>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले इन्जिनियर समुहका विभिन्न पदमा ५ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न सब इन्जिनियर, कम्प्युटर अपरेटर, अमिन, स्वास्थ्य कर्मचारी लगायत नियुक्ती गरी रु. १३२३९६९७.०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>विपद कोषः नगरपालिकाबाट आ.व २०७६/७७ को बजेट निर्माण गर्दा तोकिएका कार्यक्रमहरु कोरोनाको कारण कार्यक्रम संचालन गर्न नसकिएको भनि कार्यपालिकाको मिति २०७६/१२/३० को निर्णय नं. ३ बमोजिम ४४ वटा कार्यक्रमको रु.१०५७२०००/- विपद व्यवस्थापन कोषमा ट्रान्सफर गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>उपदान कोष स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढ सम्म ३२ महिनाको तलव भत्ता कट्टी गरी जम्मा गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुकव सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएसकेको कारण कट्टी नगरेको नगरपालिकाले जनाएको छ ।</td><td></td></tr>
<tr><td>१४.१.</td><td>नगरपालिकाले यस वर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु.१००००००।- ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको छैन । उपदानमा जाने कर्मचारिको १० प्रतिशतका दरले कट्टी गरी सोही रकम बरावर न पा ले थप गरी जम्मा रकम अवकास कोषमा ट्रान्सफर गर्नुपर्नेमा कल्याणकारी कोषमा जम्मा गरेको रकम संचित कोषमा दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२.</td><td>साविक जिल्ला विकास समितिको कार्यालयबाट यस महानगरमा समायोजन भई आएका कर्मचारीले उक्त साविकका कार्यालयमा कट्टी गरेका कर्मचारी अवकास कोषको रकम हिसाब गरी आफ्नो अवकास कोष तयार गरी जम्मा गर्नुपर्नेमा हालसम्म सो कार्य गरेको पाइएन । नगरपालिकाले यस कार्यमा यथाशिघ्र पहल गरी उपदानमा गरिने खर्चको व्ययभार घटाई नगरपालिकालाई आर्थिक बोझ कम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>विवरण</th><th>स्वीकृत दरबन्दी</th><th>पदपुर्ती</th><th>रिक्त</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th></th><th></th><th>स्थायी</th><th>करार</th><th>जम्मा</th><th></th><th></th></tr>
<tr><td>नगर</td><td>५५</td><td>३७</td><td>४९</td><td>८६</td><td>१८</td><td></td></tr>
<tr><td>स्वास्थ्य</td><td>३५</td><td>३५</td><td>३९</td><td>७४</td><td>०</td><td></td></tr>
<tr><td>शिक्षा विद्यालय तर्फ</td><td>३३१</td><td>२१२</td><td>११९</td><td>३३१</td><td>०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.१.</td><td>नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ ३७ जना र करार तर्फ ४९ जना समेत ८६ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सब इन्जिनियर पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ</td><td></td></tr>
<tr><td>१६.</td><td>कर्मचारी प्रोत्साहन भत्ताः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष श्रावण देखि फागुन सम्म १० जना कर्मचारिको रु.२६१६५६ र बैशाख देखि अषाढ सम्म म्यानुल हाजिरीको आधारमा ३६ जना कर्मचारिको रु.६८२६६४ गरी जम्मा रु.९४४३२० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१७.</td><td>कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४६ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म २ वटा निर्देशिका, ११ वटा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>न्यायिक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो फछ्र्यौट लगाउन बाकी ४ र यो बर्ष थप भएको ३८ गरी कुल ४२ विवाद दर्ता भएकोमा २० वटा मात्र फछ्र्यौट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष विविध तर्फ मात्र रु.२४२०१०८.७३ खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस वर्ष रु.८९४०८६.८० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>जिन्सी व्यवस्थापनः नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ । नगरपालिकालले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी फरफारक गरी मात्र रमाना दिने समानको बर्गिकरण बैज्ञानिक बनाउने लगायतका सुझावहरु कार्यान्वयन गरी जिन्सी</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| २२. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२००५११/- भुक्तानी दिएको पाईयो । | |

| भौ न मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| १९।०७६।६।१६ | वडा नं १ कम्पाउण्ड सरसफाइ तथा बृक्षारोपन खर्च | ५११००। |
| २३।०७६।६।२९ | वडा नं १,३ र ४ मा कार्पेट तथा पर्दा फिटिङ्ग | २५५३०५। |
| १५५।०७७।२।१९ | विभिन्न अफिसका सामानहरु | ७६१०६। |
| २९९।०७७।३।२६ | वडा नं १,३ र ५ मा डिजिटल डिस्प्ले | ४७२९०५। |
| ३०२।०७७।३।२५ | वडा नं ८ र ९ मा डिजिटल डिस्प्ले | ३३१०९०। |
| १४।०७६।६।१५ | विद्युतिय हाजिर मसिन जडान | ३८४२००। |
| १६६।०७७।२।२२ | HMIS सफ्टवयर जडान | १७७२०० |
| २०२।०७७।३।५ | सि सि क्यामरा जडान | १५६५०५। |
| १९०।०७७।२।३२ | ए सि जडान खर्च | १०१००० |
| | **जम्मा** | **२००५११** |

- **कर दस्तुर एवं आन्तरिक आय**

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **आन्तरिक स्रोतको संङ्कलनः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १७७५५२१२.६ आम्दानी गरेको देखिन्छ । | |

| सि. नं. | शिर्षक | लक्ष्य | असुली |
|---|---|---|---|
| | | | ३३०२६८१ |
| २ | भुमिकर मालपोत कर | | ३८७१७०१ |
| ३ | घरबहाल कर | | ७१५९५९.३५ |
| ४ | बहाल बिटौरी कर | | १५५७० |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | ७६०१४६ |
| ६ | अन्य कर | | ४३५४५३.८० |
| ७ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | | १२३०० |
| ८ | अन्य सेवा शुल्क | | ३३२४० |
| ९ | परीक्षा शुल्क | | १४०० |
| १० | नक्सापास दस्तुर | | १५६६९२९.३८ |
| ११ | सिफारिस दस्तुर | | ४९६७२४४.२३ |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | | २२३५० |
| १३ | नाता प्रमाणित दस्तुर | | २४८०० |
| १४ | अन्य दस्तुर | | १६४३७१४.८४ |
| १५ | चार किल्ला बैंक प्रयोजन | | ३०० |
| १६ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | २७१८०० |
| १७ | अन्य राजश्व | | १०९६२३ |
| | **जम्मा** | | **१७७५५२१२.६** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३.१. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत ७ लाख ६० हजार कर संकलन गरेकोमा नगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट नगरपालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २३.२. | **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| २३.३. | **बहाल करः** नगरले यो बर्ष घर वहाल कर बापत रु.७ लाख ५९ हजार आम्दानी गरेको देखिन्छ । नगरपालिकाले वडा कार्यालयमा दर्ता भएका व्यवसायीहरूको समेत लगत राखी एकीकृत लगत तयार गरी राजस्व असुल गर्नुपर्नेमा सो बमोजिम सम्पूर्ण बहालमा लगाउने घरधनिहरूबाट कर रकम सङ्कलन हुने संयन्त्र विकास गरेको देखिएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र कर असुल गरेको छ । करको दायरा वृद्धि गरी राजस्व सङ्कलनलाई बढावा दिन वडा कार्यालयलाई प्रोत्साहन गरी निश्चित प्रतिशत रकम वडा क्षेत्रमा खर्च गर्ने अथवा वडाको सिफारिसमा योजना कार्यक्रममा खर्च गर्ने नीति अवलम्बन गरी राजस्व परिचालन वृद्धि गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । | |
| २३.४. | **बक्यौता करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम नगरपालिकाले कर, शुल्क सङ्कलन गर्ने व्यवस्था छ । यस नगरमा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाइएन । कार्यालयले छानविन गरी हर्जना सहित अन्य व्यवसायीको कर असुल गर्नु पर्दछ । नबीकरण नगरेका व्यवसायीको अभिलेख अद्यावधिक गरी कर रकम यकिन गरी असुल गर्नुपर्दछ । | |
| २३.५. | **वडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं | सम्पत्ति कर | अन्य कर | जम्मा |
|---|---|---|---|
| १ | | ६४०१२० | ६४०१२० |
| २ | | ८३५३२४ | ८३५३२४ |
| ३ | | ७१८८५१.५० | ७१८८५१.५० |
| ४ | | ४९२२९५ | ४९२२९५ |
| ५ | | ५५५३८३ | ५५५३८३ |
| ६ | २५५५० | ११९५१३९ | १२२०६८९ |
| ७ | | ५१९९०० | ५१९९०० |
| ८ | | ६९२०० | ६९२०० |
| ९ | | ४२३०४७ | ४२३०४७ |
| १० | | १४१४०० | १४१४०० |
| ११ | | ६४९५० | ६४९५० |
| राजश्व शाखा नगरपालिकाबाट | ७१४८१८२ | ४९२५८७१.१० | १२०७४०५३.१० |
| **जम्मा** | **७१७३७३२** | **१०५८१४८०** | **१७७५५२१२.६०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३.६. | **रोयल्टी शुल्कः** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ५ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरिने उल्लेख छ । यो वर्ष रु.२८४७०००। ढुंगा, गिट्टी, बालुवा, नदी जन्यपदार्थ उपभोक्ता समितिले स्थानिय सामानको प्रयोग गर्दा उठेको शुल्क जम्मा गरेको देखियो । नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनको लागि कुनै ठेक्का पट्टा गरेको छैन । नगरपालिकाले उक्त नियमानुसार दहत्तर बहत्तरको व्यवस्थापन गरि राजस्वको दायरा बढाउनुपर्दछ । | |
| २३.७. | **आम्दानी रसिदः** नगरपालिकाबाट वडा कार्यालयमा लगिएको निम्नानुसारको आम्दानी रसिद लेखापरीक्षणको अवधिसम्म पनि कार्यालयमा उपलब्ध गराएको छैन । सो रसिदबाट के कति आम्दानी भयो सो एकिन गर्न सकिएन । | |

| मिति | रसिद लिनेको नाम | वडा नं. | रसिद नं. | थान |
|---|---|---|---|---|
| २०७६/४/५ | सुरज हमाल | ६ | २०१-३०० | २ |
| | बिन्दु रिमाल | ५ | ३५१-४०० | १ |
| | रुम बहादुर खड्का | ९ | ५५१-६०० | १ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २४. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ । राजश्व परामर्श समितिले यस आ.व.मा विभिन्न मितिमा बैठक बसी छलफल गरेतापनि तथ्यगत विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य पुरा गर्नुपर्दछ । | |
| २५. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष कुल रु.३ करोड लाख ६ हजार आन्तरिक आय प्राप्त भएको देखिन्छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २६. | **स्थानीय तहरूको विभाज्य कोषः** प्रदेशहरुको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्य कोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाँडफाँड गर्नुपर्दछ । | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| २७. | **उपभोक्ता समितिः** यस कार्यालयले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छः | |
| २७.१. | उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्यपूरा नगरेको व्यहोरा देखिएका छन् । भेला भई विधिवत रुपमा गठन नभएको र कुनै पनि निकायमा दर्ता नहुने साथै कतिपय उपभोक्ताबाट भएको कार्यमा योजनाको भुक्तानीमा संलग्न गरिएको अधिकांश बिल भरपाईहरु प्रमाणित नगरिएका, डोर हाजिरी फाराममा विवरण पूर्णरुपमा नभरिएको, सही छाप नभएको, समितिले खर्च अनुमोदन गर्ने र सार्वजनिक गर्ने, सामाजिक परीक्षण गराएको प्रमाण पेश नगरेकोमा सुधार गर्नु गराउनुपर्दछ । | |
| २७.२. | **फाइल व्यवस्थापनः** नगरपालिकाको संगठन संरचनामा योजना शाखा रहेको र १ जनाको दरबन्दी रहेको देखिन्छ । नगरपालिका अन्तर्गत सञ्चालित योजना कार्यक्रमहरुको नगर परिषदबाट पारित योजनाको छुट्टाछुट्टै फाइल खडा गरी राख्नुपर्नेमा फाइल खडा गरी राखेको पाइएन । प्रत्येक बर्ष सञ्चालित कार्यक्रमहरुको फाइल खडा गरी व्यवस्थित अभिलेख राखिनु पर्दछ । | |
| २७.३. | **लागत सहभागिताः** नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २७.४. | **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन हुन सक्ने अवस्था देखिएन । | |
| २७.५. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको प्रभावकारी कार्यान्वयनको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| २७.६. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएको केही योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २७.७. | **निर्माण कार्यको अभिलेखः** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागि चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउँ वा वस्तुको नाम उल्लेख गरी अनुगमन मूल्याङ्कन गर्न सहज हुने गरी राख्नुपर्ने देखिन्छ । यस कार्यालयले गरेका अधिकांश सडक माटो वा ग्रावेल स्तरका हुने र पुराना तथा अधुरा काममा पनि थप काम गराउने गरेको देखिन्छ । साविक बर्षहरूमा त्यस्तै काम गर्ने गरेपनि कुन ठाउँमा गरियो पहिचान खुल्ने गरी अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा एउटै क्षेत्रमा पटक पटक काम हुने, कतै काम गर्न अत्यावश्यक भए पनि छुट हुने र पूर्ण वा आंशिक रूपमा एउटै कामको एकै बर्षमा वा फरक फरक आर्थिक बर्षमा दोहोरो भुक्तानी हुनसक्ने सम्भावना समेत रहन्छ । तसर्थ निर्माण कार्यको अभिलेख एकीकृत गरी आर्थिक बर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी भएको छैन भनी विश्वस्त हुने गरी अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| | **नगरपालिका पुँजिगत** | |
| २८. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाहरुले यो वर्ष पूँजीगत किसिमका वस्तु खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु.४०४८७८१/- को सोझै खरिद गरेकोमा कर्मचारी समायोजना भई आउंदा तत्काल नगरपालिकाको आवश्यकताको आधारमा खरिद गरेको नगरपालिकाको भनाइ रहेको छ | ४०४८७८१ |

| भौ न मिति | आपूर्ति कर्ताको नाम | खरिद सामाग्रीको नाम | खर्च रकम |
|---|---|---|---|
| ७।०७६।६।२ | ग्लोबल कम्प्युटर सोलुसन चितवन | प्रिन्टर १० थान | २९९००० |
| ८।०७६।६।२ | ग्लोबल कम्प्युटर सोलुसन चितवन | र डेक्सटप ५ थान, प्राजेक्टर १ थान | ४४३५०० |
| १२।०७६।६।१४ | ग्लोबल कम्प्युटर सोलुसन चितवन | ल्यावटप १ थान | ९८००० |
| १७।०७६।६।१६ | नारायणी कम्प्युटर एण्ड सप्लायर्स | ल्यावटप १ थान, प्रिन्टर ७ थान | ३३२५०७ |
| ४९।०७६।९।३ | नारायणी कम्प्युटर एण्ड सप्लायर्स | कम्प्युटर डेक्सटप ४ थान, प्रिन्टर ४ थान | ४१५९४० |
| १८।०७६।६।१६ | स्काइल्याण्ड इन्टरनेशनल चितवन | कम्प्युटर डेक्सटप ४ थान | ३३८००० |
| ४२।०७६।८।२२ | एस डब्लु ट्रेडर्स चितवन | ल्यापटप १ थान, प्रिन्टर १ थान | ११७५०० |
| १५४।०७७।२।१९ | **NEXUS BAZAR CHITWAN** | ल्यावटप १ थान | ९६५०० |
| ३४।०७६।८।९ | ए ओन इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | ४६३३० |
| ३५।०७६।८।९ | प्लानेट इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | ८७३४९ |
| ३६।०७६।८।९ | नेपो फिनिसंग इन्डष्ट्रिज | विभिन्न फर्निचरहरु | ४११३२० |
| ६०।०७६।९।२५ | प्लानेट इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | २५७८६६ |
| ६१।०७६।९।२७ | प्लानेट इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | ३००५८० |
| ११४।०७७।१।९ | नेपो फिनिसंग इन्डष्ट्रिज | विभिन्न फर्निचरहरु | २६३००७ |
| ११६।०७७।१।९ | प्लानेट इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | २२९६७२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ११७।०७७।१।९ | ए ओन इन्टरनेशनल चितवन | विभिन्न फर्निचरहरु | ५३६७५ |
| १७९।०७७।२।२८ | नेपो फिनिसंग इन्डष्ट्रिज | विभिन्न फर्निचरहरु | ९५९९३ |
| १८६।०७७।२।३० | नेपो फिनिसंग इन्डष्ट्रिज | विभिन्न फर्निचरहरु | ६४४१० |
| ३३०।०७७।३।३९ | नेपो फिनिसंग इन्डष्ट्रिज | विभिन्न फर्निचरहरु | ९७६३२ |
| **जम्मा** | | | ४०४८७८१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **नन्फाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाको बजेट शिर्षक वडा पुँजिगत तर्फ गो.भौ.नं.२९६।०७७।२।२६ बाट बालाजी निर्माण सेवालाई मू.अ.कर रु.१९८५६० सहितर रु३४५१८९२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १९८५६०.०० |
| ३०. | **सोझै निर्माण कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाहरुले यो वर्ष निम्न वडाहरुमा रोड मार्किङ्ग सम्वन्धी कार्य गराउदा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखियो | १३११९१५.०० |

| भौ न मिति | निर्माण व्यवसायीको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|
| १७४।०७७।२।२६ | जे के निर्माण सेवा | वडा ७ रोड मार्किङ्ग | ४९३१९० |
| १७५।०७७।२।२६ | एच आर डी कन्स्ट्रक्सन | वडा ६ रोड मार्किङ्ग | ३५५२८८ |
| १९४।०७७।३।१ | सुवेदी विल्डर्स एण्ड प्रोपटी डि | वडा ६ रोड मार्किङ्ग | ४६३४३७। |
| | | | १३११९१५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२मा दश लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था भए बमोजिम ठेक्का पट्टाको बि ओ क्युमा बीमाको लागि रु ५००००। को व्यवस्था गरेको भएता पनि निर्माण व्यवसायीले सम्झौता बमोजिम बीमा नगरेको सम्वन्धमा नगरपालिकाले कुनै कारवाही नगरी ठेक्का सम्पन्न गराएकोले नियम तथा सम्झौतामा बमोजिम कार्य गर्न गराउन नगरपालिकाले ध्यान दिनु पर्दछ । | |
| ३२. | **क्याटलग सपिङ्गबाट खरिदः** भौ न ७४।०७६।१०।२७ बाट BackHole Loader एक थानको रु ४३०००००।००मा खरिद गर्न नगरपालिकाले क्याटलग सपिङ्ग कार्यविधिबाट प्राविधिक तथा आर्थिक प्रस्ताब माग गरेकोमा ३ वटा कम्पनीहरुले मुल्य समेत उल्लेख गरी पेश गरेको प्रस्ताब मध्ये कम रकम कबोल गर्न ३ कम्पनीहरुको प्रस्ताबमा उल्लेख गरेको स्पसिफिकेसनहरु नगरपालिकाले तोकेको स्पसिफिकेसनसंग नमिलेको भनी बढि मुल्य कबोल गर्ने एम ए डब्ल्यु अर्थ मुभर्स प्रा लि को कबोल अंक रु ४३०००००।स्वीकृत गरेको छ। प्राविधिक प्रस्ताबमा सहभागी कम्पनी मध्ये जगदम्वा कन्स्ट्रक्सन सोलुसन प्रा ली ले BackHole Loader को संक्षिप्त विवरणमा एक मात्र आधिकारीक बिक्रेताको ब्राण्ड संग हुबहु मिलेको अरु कम्पनीले प्रतिस्पर्धा गर्न नसकिने भएकोले विरण सच्चाई पाउ भनी दिएको निवेदन उपर कुनै कारवाही गरेको देखिएन । | |
| ३३. | **कर विजक** मुल्य अभिबृद्धि कर नियमावली २०५३ नियम १७ मा प्रापकलाई दिइने बिजकको मुख पृष्ठमा देखिने गरी प्रष्टसंग कर बिजक लेखिएको हुनु पर्ने भनी उल्लेख गरेकोमा कालिका पुल देखि फुयालचोक सम्मको सडक कालोपत्रे गरेको कामना कन्स्ट्रक्सन भरतपुरको सम्पन्न कामको बिजक विल अनुसार मुल्य अभिबृद्धि कर समेत भौ न १०१।०७६।११।२१ बाट रु. १०३४८२८।८६ भुक्तानी गरेकोमा निर्माण व्यवसायीले भुक्तानिको लागि पेश गरेको बिलको विजक नम्बर हातले लेखेकोले सो बिलबाट भुक्तानी मुल्य अभिबृद्धि कर रु ११९०५१। को ५० प्रतिशत प्रतिशतले हुने रु ५९५२५।को निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने | ५९५२५.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु. | |
| ३४. | **बढी भुक्तानीः** प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(८)मा कुनै पनि सार्वजनिक निकायले भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायको कार्यको रकम भुक्तानीको भरपाईमा निम्नानुसार कैफियत देखापरेको छ । | |
| ३४.१. | वडा नं ६ मा विद्युत लाइन विस्तार गर्न रु ३३३६६६।को लागत अनुमानमा उपभोक्ता समितिले उक्त काम सम्पन्न गरी पेश गरेको बिल अनुसार भौ नं ३०१।०७७।३।२७ बाट रु २९८३८१।खर्च गरेको देखियो नगरपालिकाले उक्त कामको लागत अनुमान के आधारमा गरेको लागत अनुमान तयार गरेको आधार पेश भएन ।लागत अनुमान अनुसार पि एस सि पोल ८ मिटर साइजको १३ थान प्रति थान रु. ७७२०।९० दर कायम गरी रु१००३७१।समितिलाई भुक्तानि गरेकोमा नगरपालिकाको स्वीकृत दररेटमा सो पोलको मुल्य प्रति थान रु ५०००।मात्र उल्लेख गरेकोले प्रति थान रु २७२०।९० दरले बढी भुक्तानी भएको रु. | ३५३७१.०० |
| ३४.२. | नगरपालिकोले छेरवाङ लुजिवाङ सडक निर्माणको लागि लागत अनुमान गर्दा मेसिनको प्रयोगबाट माटो कटिङ्ग गर्ने भनी मुल्य अभिबृद्धि कर समेत प्रति घ मी माटो कटिङको रु ९०।४० कायम लागत अनुमानमा उपभोक्ता समितिसंग समझौता गरेको देखियो ।उपभोक्ता समितिले कार्य सम्पन्न गरी पेश गरेको प्राविधिक मुल्याकंन बिलमा मेसिनबाट माटो कटिङको रु १९१५४९।५४ मुल्य अभिबृद्धि कर समेत रु१६६५००७।कायम गरे अनुसार भौ नं १६७।०७७।२।२२ बाट भुक्तानी गरेको देखियो । उपभोक्ता समितिले अन्य मेसिन भएका कम्पनीलाई काम गराएको भनी पेश गरेको सफल कन्स्ट्रक्सन एण्ड इक्यिपमेन्ट प्रा ली मु अ कर रु १०१०१७।८० र त्रिनेत्र पेट्रोलियम प्रा लि लाई मु अ कर रु ६००६५।७० गरी रु १६१०८३।५० मात्र मु अ कर भुक्तानी गरेको बिल पेश गरेकोले बिजक विल बेगर उपभोक्ता समितिलाई बढी मु अ कर भुक्तानी गरेको रु ३०४६६।असुल गर्नु पर्ने रु. | ३०४६६.०० |
| ३५. | **जिन्सी आम्दानी तथा प्रयोगः** नगरपालिकाले निम्न भौ न र मिति बाट विभिन्न आपर्तिकर्ताहरुबाट विभिन्न साइजको ह्युम पाइप , खानेपानी पाइप तथा जाली खरिद गरेको बिल बमोजिम भुक्तानी गरेकोमा खरिद भएका उक्त ह्युम पाइप, खानेपानी पाइप तथा जाली योजनामा प्रयोग गरेको प्राविधिक मुल्याकंनका साथै नाप जाँच गरेको प्रमाण बिनानै भुक्तानी गरेकोले सामान प्रयोग गरेको प्रमाण पेश गर्नु पर्नेमा योजनाको रुपमा नआएको तर बिभिन्न व्यक्तिहरुलाई वितरण गरेको नगरपालिकाको भनाइ रहेकोमा उक्त निर्माण सामाग्रीहरुको उपयोग गरेको प्रमाण तथा वितरण गरेको प्रमाण नभएको रु. | २६९८९८९.०० |

| भौ न मिति | आपूर्ति कर्ताको नाम | सामानको नाम | प्रयोग हुने स्थान | रकम |
|---|---|---|---|---|
| २१८।०७७।३।९ | खतिवडा इन्टरप्राइजेज चितवन | पाइप तथा सामान | हिस्सेटाडी खा पा यो | ४७२०३८ |
| ३०८।०७७।३।२७ | जि एस ह्युम पाइम इन्डष्ट्रिज प्रा लि | ११० मिटर पाइप | वडा नं ६।७।८ मा | ४९५६८८। |
| ३०९।०७७।३।२७ | युनिक नेपाल ह्युप पाइप उद्योग | ५० मिटर | वडा नं ७ | २८१८०७। |
| ३१०।०७७।३।२७ | जि एस आर कंक्रिट पाइप प्रा लि | ८२.५० मिटर | ० | ४९९०५३। |
| १३६।०७७।२।७ | अकयुट नेपाल प्रा लि | ह्युम पाइम ७७.५ मि | | ४८९४०३। |
| ३८०।०७७।३।३१ | युनाइटेड वायर एण्ड स्टिल इन्डष्ट्रिज | १०० थान जाली | | ४६१०००। |
| | | | जम्मा | २६९८९८९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६. | **डिप बोरिङ्गः** सार्वजनिक खरिद नियमावी, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्यमा हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन र उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ भनी उल्लेख गरेकोमा वडा नं १ को निम्न स्थानमा डिप बोरिङ्गको कामको लागि नगरपालिकासंग सम्झौत गरी समितिले उक्त डिप बोरिङ्गको काम मुनश्री ट्यूववेल कन्स्ट्रक्सन प्रा लि बाट गराई निम्न भौचर तथा मितिबाट भुक्तानी लिएको देखियो। हेभी मेसिनको प्रयोग हुने तथा उपभोक्ता आफै गर्न नसकिने काम नगरपालिकाले सार्वजनिक खरिद ऐन २०६३ दफा ८ मा उल्लेखित बिधिबाट प्रतिस्पर्धा गराइ कार्य गराउनु पर्नेमा समितिबाट गराइ खर्च गरेको छ । | |

| भौ न मिति | कार्य विवरणा | भुक्तानी रकम |
|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३०४।०७६।३।२७ | सन्तवीर स्यादानको घर नजिक | ४९०४१९। |
| ३०५।०७७।३।२७ | लालबहादुर स्याङ्गदानको जग्गामा | ४९०४१९। |
| ३०६।०७७।३।२७ | राम बहादुर बोमजनको घर नजिक | ४९०४१९। |
| ३०७।०७७।३।२७ | हरीलामाको वरिपरी | ४९०४१९। |
| | जम्मा | १९६१६७६। |

३७. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली,२०६४ नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेको छ।प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ६ मा मालसामानको लागत अनुमान तयार गर्दा मालसामानको स्पसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र लागत अनुमान तयार गर्दा लिनु पर्ने आधारहरुको पनि उल्लेख गरेकोमा नगरपालिकाले वडा नं ९ मा १५ थान सोलर बत्ति जडान गर्न उपभोक्ता समितिसंग सम्झौता गरेको र उपभोक्ता समितिले उक्त काम सोलर होम नेपाल प्रा लि बाट गराएको बिल भरपाइ राखी भुक्तानी माग गरेको आधारमा नगरपालिकाले भौ नं ३११ मिति २०७७।३।२७ बाट उपभोक्ता समितिलाई रु१३९५५७२।गरेको देखियो।नगरपालिकोले नियम अनुसार सोलर बत्तिको लागत अनुमान तयार गरेको देखिएन भने उपभोक्ता समितिले गर्न नसकिने यस्ता कामको नियम अनुसार सिलबन्दी दरभाउपत्र आव्हान गरी गराउनु पर्नेमा समितिबाट काम गराएको उपयुक्त देखिएन ।

३८. **खरिद सम्झौताको अवधि थपः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६मा खरीद सम्झौताको काबु बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने व्यवस्था गरेको छ ।त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीको म्याद थपको निवेदन प्राप्त भएपछि सम्वन्धित अधिकार प्राप्त अधिकारीले सम्झौता बमोजिमको काम समय मै सम्पन्न गर्न प्रयास गरेको थियो वा थिएन कावु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन भन्ने कुरामा जाँचबुझ गर्दा कारण मनासिब देखिएमा नियम अनुसार म्याद थप गर्न सकिने व्यवस्था गरेको छ ।नगरपालिकाले नियममा उल्लेखित कारणले सम्झौता बमोजिम काम गर्न ढिलाइ भएको हो वा होइन भनी जाँचबुझ नगरी निर्माण व्यवसायीले बर्षादको कारण लगायत विविध कारण कार्य सम्पन्न गर्न नसकेकोले थप अवधि माग गरेको आधारमा सम्झौता अवधि थप गर्ने गरेको देखिएको । निर्माण व्यवसायीको माग गरे बमोजिम अवधि थप गर्न नियम अनुसारको अवस्था र प्रक्रिया बमोजिम छ छैन सवै कुराको जाँचबुझ गरेर मात्र सम्झौता अवधि थप गर्नु पर्ने देखिएकोले यस तर्फ ध्यान नगरपालिकाले दिनु पर्ने देखिन्छ ।

| भौ न मिति | योजनाको नम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नु पर्ने | म्याद थप अवधि | भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| २९६।०७७।२।२६ | गणेश चोकबाट धाङखोला सामुदायिक वन कालो पत्रे | बालाजी निर्माण सेवा | १२६३१०६५ | २०७७।२।१४ | २०७७।६।३० | ३४५१८९२ |
| ३२९।०७७।३।२९ | | बालाजी निर्माण सेवा | ६०१२०५२। | २०७७।३।१८ | ०७७।६।२९ | १७८०२७७ |
| ३४२।०७७।३।२९ | मिलनचोक गर्दास सडक | हेमन्त निर्माण सेवा | १२३७७५६१ | २०७७।२।१४ | ०७७।६।२९ | ३४२०३३८ |
| ३४४।०७७।३।२९ | लाउरे चोक भोजाडे चोक | सिराइचुली निर्माण सेवा | २८९७२३२ | ०७७।३।२१ | ०७७।६।२९ | ९६६५७३। |
| ३४६।०७७।३।२९ | भरत भट्टराइ चोक | सिराइचुली निर्माण सेवा | ३२१९५३९ | २०७७।२।४ | ०७७।६।२९ | ९९४५७०। |
| ३४७।०७७।३।२९ | सिर्जना चोक | सिराइचुली निर्माण सेवा | २६८३१२८ | २०७७।२।५ | ०७७।६।२९ | ७४२७६०। |

३९. **बिमाको व्यवस्था गर्नुपर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२मा निर्माण व्यवसायीले त्रुटी सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानी नोक्सानी, कुनै व्यक्तिलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा वा निर्माण कार्यमा बाहेक कार्य सञ्यालन र

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्पन्नको सिलसिलामा कुनै सम्पत्तिमा भएको हानी नोक्सानीको लागि बोलपत्रको बि ओ क्यु मा उल्लेख भए बमोजिमको निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । सोही नियममा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाण जारी गरिने मितिसम्म निर्माण कार्यको बीमा गराउनु पर्ने उल्लेख गरेकोमा निम्न निर्माण व्यवसायीले निम्न निर्माण कार्यको बीमा नियममा तोकिएको अवधि भन्दा न्युन अवधीको लागि मात्र बीमा गर्ने गरेको बिल पेश गरी भुक्तानी लिने गरेकोले अवधि नपुग्ने गरी गरेको बिमा खर्च असुल गर्नुपर्ने रु. | ४४७२१.०० |

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता अवधि | बीमा अवधी | रकम |
|---|---|---|---|---|---|
| ३१३।०७७।३।२७ | मिलनचोक गर्दास गैरिवारी भासुवारे सडक | निहारिका नि से | २०७७।२।९ देखि १.५ महिना कार्य सम्पन्न भएको छैन | २०७७।२।९ देखी २०७७।३।२१ सम्म | २२०६० |
| ३२९।०७७।३।२९ | | वालाजी निर्माण सेवा | २०७७।२।६ देखि ०७७।६।२९ | २०७७।२।६ देखि ०७७।३।१८ | २२६६१ |
| जम्मा | | | | | ४४७२१। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **सहकारी संस्थाः** कालिका न पा वडा ८ स्थित न्यूरेनि ताजा तरकारी तथा फलफुल उत्पादन सहकारी संस्था भवन माथिल्लो तला थप गर्नको लागि रु.८३९२१३।७१ को लागत अनुमानमा सिलबन्दी दरभाउपत्रबाट सवभन्दा कम कबोल गर्ने किङ्गफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्ससंग रु ५१९७७४।मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले पेश गरेको पहिलो तथा अन्तिम बिलको भौ नं ३१६।०७७।३।२८ बाट रु ३७६६२७। खर्च देखाएकोमा भएको व्यहोरा निम्न देखिएको छ। | |
| ४०.१. | **क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले सम्झौता अवधि २०७६।१२।२९ भित्र कार्य सम्पन्न नगरी ९९ ढिला कार्य सम्पन्न गरेको भनी रु १८६४३।पूर्व निर्धारित क्षतिपूर्ति कट्टा गरेकोमा नियम अनुसार सम्झौता रकम रु ५१९७७४।ले हुने रु २५७२८। कट्टा गर्नु पर्नेमा रु ७०८५।घटी क्षतिपूर्ति कट्टा गरेको असुल गर्नु पर्ने रु | ७०८५ |
| ४०.२. | **भेरिएसन आदेशः** प्रदेश सार्वजनिक खरिद नियमावली २०७६ को नियम ५८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यानवयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिन सक्नेछ भनी उल्लेख गरेकोमा नगरपालिकाले निर्माण व्यवसायीसंग गरेको सम्झौता अंक भन्दा २७.५४ प्रतिशत घटी कार्य सम्पन्न गरेको अवस्थामा पनि कारण सहितको भेरीएसन आदेश स्वीकृत नगरि निर्माण कार्य सम्पन्न गरेको नियमसम्मत देखिएन । | |
| ४१. | **अनुगमनः** साना कुखुरा पालन व्यावसायीलाई अनुदान कार्यक्रम अन्तर्गत प्रति व्यवसायी रु ५००००।का दरले १० वटा व्यवसायीहरुलाई भौ नं ३१५।०७७।३।२८ बाट रु ५०००००।अनुदान वितरण गरेकोमा सो व्यवसायीहरु संग गरेको सम्झौता अनुसार नियमित व्यावसाय संचालन गरेको हुन पर्ने भनी उल्लेख गरेकोमा व्यवसाय नियमित संचालन गरे नगरेको नगरपालिकाले अनुगमन गरेको नदेखिएकोले यस तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ । | |
| ४२. | **सि सि क्यामराः** मुख्य बजार क्षेत्र गडुवा, पदमपुर र शक्तिखोरमा सि सि क्यामरा जडान गर्न रु १९९९४२२।को लागत अनुमानमा सिलबन्दी दरभाउपत्र आव्हानबाट सब भन्दा कम अंक कबोल गर्ने फोनेक्स टेक्नोलोजी प्रा लि संग रु १९०१७९०।मा सम्झौता गरे बमोजिम भौ नं ३७२।०७७।३।२१ बाट भुक्तानी गरेकोमा उक्त फोनेक्स डटेक्नोलोजीले जडान गरेको सि सि क्यामरा कुन कुन स्थानमा कति जडान गरेको भन्ने कुनै अभिलेख गरेको छैन।आई टी अफिसरले २०७७।३।२४ मा जडान कार्य भइ कार्य संचालन भएको भनी प्रमाणित सम्म गरेकोले | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरपालिकाको स्पेसिफिकेसन तथा गुणस्तर बमोजिमको सामाग्री उपलब्ध भएको हो भनी प्रमाणित गरेको पाइएन । | |
| | **पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ४३. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.१२००००००। बजेट प्राप्त भएकोमा रु.७७१०६०६।खर्च भई ६४.२५ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ। | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिश | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ४ | १२०००००० | ७७१०६०६ | ६४.२५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **संघिय सरकारबाट हस्तान्तरीय (शशर्त) कार्यक्रम पुँजिगत** | |
| ४४. | **थप व्ययभारः** विपन्न तथा गरिब जनताको घर सोलर बत्ति जडान गर्न प्रति थान रु २०४८७। (मु अ कर वाहेक) दरले ७२ थानको रु १५१९३१५।९२ (मु अ कर समेत) को लागत अनुमान गरी सिलबन्दी दरभाउ पत्रबाट सबभन्दा कम कबोल गर्ने नारायणी पावर सोलुसन प्रा ली संग रु १४०६१६०। मा सम्झौता गरेको छ।सम्झौताको दफा ६ मा कार्य सम्पन्नताका अधारमा प्रचलित ऐन नियम बमोजिम भुक्तानी दिइनेछ भनी उल्लेख गरेको छ ।आपुर्तिकर्ताले उपलब्ध गराएको सोलर बत्ती मध्ये ५९ थान उपभोक्ताले बुझेको तथा जडान गरेको भरपाइबाट र ५ थान विभिन्न व्यक्तिलाई बुझाएको आधारमा गो.भौ.नं.३५।०७७।३।२ बाट खर्च गरेको देखियो । सम्झौताको उक्त दफा अनुसार कार्य सम्पन्नताको आधारमा मात्र आपूर्ति कर्तालाई भुक्तानी गर्नु पर्नेमा ८ थान सोलर बत्तिको जडान नगरी मौज्दात रहेको अवस्थामा पनि सवै सोलर बत्तिको भुक्तानी गरेकोले सम्झौता विपरित ८ थानको रु.१६३८९६। नगरपालिकालाई थप व्यय भार पारेको छ ।। | |
| ४५. | **बैठक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५को परिच्छेद सात ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय वा अन्तर्गतका पदाधिकार।कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने र बैठकमा आमन्त्रित सदस्य रुपमा थप व्यक्ति राख्न नपाइने तर बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सक्ने उल्लेख गरेकोमा नगरपालिकाले बिभिन्न बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र खोल्दा र मुल्याकंन गर्दा बसेको बैठकका सदस्य लगायत आमन्त्रित बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता निम्न भौ न तथा मितिबाट भुक्तानी गरी खर्च गरेकोमा कार्य संचालन निर्देशिका विपरित नगरपालिकाको मात्र कर्मचारी बसेको विभिन्न बैठक तथा आवश्यक भन्दा बढी पदाधिकारी तथा कर्मचारी बैंठकमा राखी नियम विपरित भत्ता खर्च गरेको देखिएको रु. | १७५६९२२.०० |

| खर्च शिर्षक | भौ न मिति | विवरण | संख्या | खर्च रकम कर कट्टा गरी |
|---|---|---|---|---|
| संघीय सरकारबाट हस्तान्तरित | २२।०७७।२।८ | २०७६।११।१३ देखि २०७७।१।२९ सम्म बोलपत्र मुल्यांकन समितिको बैठक | ९ जनालाइ बढी मा ३५ दिन बांकी ९ जना लाइ ३ दिन देखी ३२ दिनको | १३३४४२ |
| कालिका न पा | १३५।०७७।२।७ | ,, ,, | ,, ,, | २२१००७ |
| | १२१।०७७।१।२९ | विभिन्न मितिमा बोलपत्र बैठक | ७ जनालाइ बढी मा ३६ दिन बांकी ८ जना लाइ १ दिन देखी २८ दिनको | २९२४००। |
| | १७७।०७७।२।२६ | विभिन्न मितिमा बोलपत्र सम्वन्धी बैठक | ७ जनालाइ बढी मा ३० दिन बांकी १२ जना लाइ १ दिन देखी २४ दिनको | ८६८६५। |
| | १७८।०७७।२।२६ | ,, ,, | ,, ,, | ९९३१३। |
| प्रदेश सरकारबाट हस्तान्तरित | ७।०७७।२।२७ | ,, ,, | ,, ,, | २८५४२। |
| संघीय सरकारबाट हस्तान्तरित | २९।०७७।२।२७ | ,, ,, | ,, ,, | ७५३४। |
| | २५३।०७७।३।१७ | विभिन्न मितिमा बोलपत्र सम्वन्धी बैठक | १ देखि ५४ दिन सम्मको बैठक भत्ता लिने २१ जना | ४६५३६९। |
| संघीय सरकारबाट हस्तान्तरित | २३।०७७।२।८ | बोलपत्र खोलेको बैठक | १९ जनालाई ८ दिन देखि ३ दिन सम्म | ९६९०० |
| | २८।०७७।२।२६ | २०७७।२।१५ मा बोलपत्र खोलेको | १४ जनालाई | १५९८००। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | मिति नखुलेको बोलपत्र खोलेको | ७ जनालाई ६ दिनको | |
| | | मिति नखुलेको बोलपत्र खोलेको | २१ जनालाई१ दिन देखी ११ दिन सम्मको | |
| | ५९।०७७।३।२९ | मिति नखुलेको बोलपत्र खोलेको | १८ जनालाई १ दिन देखी १७ दिन सम्म | १६५७५०। |
| **जम्मा** | | | | १७५६९२२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **अनुगमन भत्ताः** नगरपालिकाले एउटा अनुगमन समिति गठन गरेको हुने सो समितिको सदस्यहरुले विभिन्न निर्माण योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिन पर्ने व्यवस्था गरेकोमा नगरपालिकाले अनुगमन समितिका सदस्य तथा सदस्य बाहेक समेत गरि १५ जना सम्म पदाधिकारी तथा कर्मचारीहरुले योजना अनुगमन गरेको भनी प्रति व्यक्ति रु १५०० का दर पारिश्रमिक कर कट्टा गरी भौ नं ८०।०७७३।३१ बाट रु २०७०६०। खर्च गरेको देखियो । नगरपालिकाले संचालन गरेको योजनाको समितिका आवस्यक सदस्यहरुले मात्र अनुगमन गर्नु गराउनु पर्नेमा अनाबश्यक बढि कर्मचारीबाट अनुगमन गराई खर्च लेख्नु उचित देखिएन । । | |
| ४७. | **बढी भुक्तानीः** प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(८)मा कुनै पनि सार्वजनिक निकायले भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिका वडा नं ७ स्थित पृथ्वी मा वि को २ कोठे भवन निर्माण गर्न रु.१७२९०५९।३५को लागत अनुमानमा रु.१७७०५९।३५ उपभोक्ता समितिले र रु.१६०००००।नगरपालिकाले व्यहोर्ने गरी मिति २०७६।९।१६ मा उपभोक्ता समितिसंग सम्झौता गरी सोही मितिमा योजना संचालनको कार्यदिश बमोजिम कार्य सम्पन्न गरेको अनुगमन टोलीबाट २०७७।३।३० मा दिएको अनुगमन रिपोर्टमा रु.१६०१८५९।६३ बरावरको काम भएको भनि उल्लेख गरेको देखियो ।सम्झौता अनुसार १० प्रतिशत उपभोक्ताको जनसहभागिताको अंश १६०१८५।र कन्टेन्जेन्सी रु. ४८०५५। कट्टा रु १३९३६१९।भुक्तानी गर्नु पर्नेमा पुन नयाँ सम्झौता गरेको भनी रु.१६१००७५।११ को जनसहभागिताको व्यहोर्ने अंश रु.५८०७५।११ मात्र कायम गरेको देखियो । सोही सम्झौता अनुसार सम्पन्न कामको रु.१६०१८५९।मा जनसहभागिताकव अंश ३.६० प्रतिशतले हुने रु.५७६६६। कट्टा गर्नु पर्नेमा नगरपालिकाले रु.१६०१९।मात्र कट्टा गरी भौ नं ७९।०७७।३।३१ बाट रु.१५३८२६५। समितिलाई भूक्तानी गरेकोले उपभोक्ता समितीलाई जनसहभागिताको अंक कम कट्टा गरी बढि भुक्तानी गरेको रु.४१६४७।असुल गर्नु पर्ने रु. | ४१६४७.०० |
| | **प्रदेश पुर्वाधार विकास कार्यक्रम** | |
| ४८. | **प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.९७९००००।बजेट प्राप्त भएकोमा रु. ८५४०२१३।खर्च भई ८७.२३ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ । | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिश | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार | ४ | ९७९०००० | ८५४०२१३ | ८७.२३ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **बिमाको व्यवस्था गर्नुपर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२मा दश लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनु पर्ने र निर्माण व्यवसायीले त्रुटी सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानी नोक्सानी , त्रुटी सच्याउने दायित्व अवधि प्रारम्भ हुनु अधि उत्पन्न भएको कुनै कारणबाट त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी , कुनै व्यक्तिलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा वा निर्माण कार्यमा बाहेक कार्य सञ्यालन र सम्पन्नको सिलसिलामा कुनै सम्पत्तिमा भएको हानी नोक्सानीको लागि नगरपालिकाले बोलपत्रको बि ओ क्यु मा राखेको बीमा तथा ल्याब टेष्ट निर्माण व्यवसायीले सकारेको अवस्थामा पनि नियम अनुसार बीमा तथा ल्याब टेष्ट नगरी नै सडक निर्माण कार्य सम्पन्न गरेको पाइयो।निर्माण व्यवसायीले बीमा गरेको तर बिल पेश नगरेकोले भुक्तानि नगरेको नगरपालिकाको भनाई रहेकोमा यस सम्वन्धमा नगरपालिकाको ध्यान जानु पर्दछ । | |

| भौ न मिति | निर्माण व्यवसायी | योजनाको नाम | बि ओ क्यू मा व्यवस्था |
|---|---|---|---|
| १५।०७७।३।३१ | सिराइचुली नि से | मान ब प्रजाको घर देखि उत्तर सामुदायिक वन सिमाना सम्मको बाटो | बीमाको रु ५००००।<br>ल्याब टेष्ट रु ३००००। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १६।०७७।३।३१ | सिराइचुली नि से | तल्लो जुटपानी बजार त्रिनाथ मन्दिर जाने बाटो | बीमा रु ३५०००। ल्याब टेष्ट रु १५०००। |
| ७२।०७६।१०।२२ कालिका पुजिगत तर्फ | इरोज नि से धादिङ्ग | कमलचोक देखि बाग्लुङचोक कालोपत्रे | बीमा रु ४००००। ल्याब टेष्ट रु २००००। |

## विषयगत पुँजिगत

५०. **बिल भरपाइः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ । गो भौ नं ५७।२०७७।३।२६ बाट नगरपालिकाले पृथ्वी मा.वि.लाई सवारी साधन खरीद वापत रु.२००००००।०० अनुदान दिएको छ । विद्यालय र सिप्रदी ट्रेडिङ्ग प्रा लि थापाथली विच भएको सम्झौता अनुसार विद्यालयलाई आवश्यक परेको बस खरीद गरेकोमा सो अनुदानको सहि सदुपयोग भयो भएन सो को कार्यालयबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

५१. **सफ्टवेयर खरिदः** नगरपालिकाले सफ्टवेयर खरिद सम्बन्धमा विगत वर्षहरुमा खरिद गरि नविकरण तथा परामर्श सेवा उपलब्ध गरेको भनि देहायको फर्महरुसँग गरेको सम्झौता बमोजिम यस वर्ष रु १४५१४०।०० खर्च लेखेको छ ।

| | | | |
|---|---|---|---|
| लालिगुराँस इन्फोटेक | जिन्सी व्यवस्थापन | २०७५।७६ | १९७७५।०० |
| लालिगुराँस इन्फोटेक | योजना तथा कार्यक्रम अभिलेख व्यवस्थापन र सामुहिक एसएमएस सम्बन्धी सफ्टवेयर | ०७५।७६ | ३५५९५।०० |
| साँग्रिला इन्फरमेशन प्रा लि | एकिकृत सम्पति कर | ०७५।७६ | ५९८९०।०० |
| जियोसफ्ट टेक्नो प्रा लि | | ०७५।७६ | २९८८०।०० |
| | जम्मा | | १४५१४०।०० |

- **नगरपालिका चालु**

५२. **बढी भुक्तानीः** प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(८)मा कुनै पनि सार्वजनिक निकायले भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कानुनी सल्लाहकार नगरपालिकाले मुद्दा सम्बन्धि कारवाही तथा बहस पैरबी गर्नको लागि छुट्टै कानुनी सल्हाकार नियुक्ति गरेको पाइएन । तर ४ वटा कानुनी परामर्शदाता फर्महरुसँग छुट्टा छुट्टै सम्झौता गरी रु.३४३५५५।०० खर्च गरेको पाइयो ।देहायका फर्महरुसँग कार्यालयले सम्झौतामा कर सम्बन्धमा कुनै कुरा उल्लेख नगरेको तर भुक्तानीमा सम्झौतामा उल्लेख गरेको रकममा मू अ कर समेत जोडी भुक्तानी भएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. ४४२५५.००

| सि न | फर्मको नाम | सम्झौता रकम | भुक्तानी हुनपर्ने मू अ कर सहित | भुक्तानी भएको रकम | बढी भुक्तानी मू अ कर रकम | |
|---|---|---|---|---|---|---|
| १ | प्यासिफिक ल एसोसिएट्स | ७००००।०० | ७००००।०० | ७९१०० | ९१००।०० | |
| २ | कार्की ल एसोसिएट्स | ८००००।०० | ८००००।०० | १०१७००।०० | २१७००।०० | बैठक सं २ |
| ३ | खरेल एण्ड एसोसिएट्स | ९२०००।०० | १०३५००।०० | ११६९५५।०० | १३४५५।०० | बैठक सं २ |
| ४ | कानुनी सेवा सदन (मू अ कर मा दर्ता नभएको) | ९२०००।०० | १०३५००।०० | १०३५००।०० | ० | |
| | जम्मा | | | | ४४२५५।०० | |

उपरोक्त फर्महरु मध्ये कार्की ल एसोसिएट्सलाइ सक्कल कर विजग वेगर भुक्तानी भएकोले सो को सक्कल बिल पेश हुनुपर्ने देखिन्छ ।

५३. नेपाल सरकार अर्थमन्त्रालय कार्यसन्चालन निर्देशिका परिच्छेद ७- खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिको बुदा नं.७.१.१ मा कानुन अनुसार गठन समितिको बैठकको लागि मात्र भत्ता दिन सकिने उल्लेख गरेकोमा न.पा.ले अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण स्थानीय सिफारिस समितिको बैठक बापत कार्यपालिकाका पदाधिकारी, कर्मचारीले मिति २०७६।०६।०५ को गो.भौ नं. ७० बाट कर कट्टी गरि रु.२३८००/- बुझेको देखिन्छ ।

५४. **विद्युत महशुलः** न.पा.ले धारा पानी विद्युत महसुल सम्बन्धी खर्च शिर्षकबाट विद्युत महसुल दस्तुर विद्युत प्राधिकरण कार्यालयलाई मिति २०७६।०७।१७, गो.भौ.नं.२०५ बाट अग्रिम रुपमा रु.१००००० बिद्युत महसुल भुक्तानी गरेको देखिन्छ ।

५५. **बढी खर्चः** नेपाल सरकार कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद सातमा सरकारी कार्यालयले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने खर्चको मापदण्डसम्बन्धी निर्णय तथा कार्यविधि उल्लेख गरिएको छ तर नगरपालिकाले सो निर्देशिका विपरीत निम्न कार्यक्रममा बढी खर्च लेखेकाले

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.६०७७०।- असुल गर्नुपर्ने रकम रु. | ६०७७०.०० |

| बुझिलिने | कक्षा संख्या र दिन | कट्टी गरी भएको भूक्तानी | कट्टी गरी हुनुपर्ने भूक्तानी | कट्टी गरी बढी भूक्तानी (असुल) | कैफियत |
|---|---|---|---|---|---|
| स.ई.केशव राज चालिसे | ५ दिन | २५०० | ५०० | २००० | सहभागिता बापत यातायात खर्च अधिकतम रु.५००मात्र |
| स.ई.जिवेश श्रेष्ठ | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.निसान श्रेष्ठ | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.सुवोध न्यौपाने | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.सुवर्ण खरेल | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.टेकराम महतो | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.विजय गुरूङ | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.महेन्द्र सिग्देल | ५ दिन | २५०० | ५०० | २००० | " |
| स.ई.सुवास सिग्देल | ५ दिन | २५०० | ५०० | २००० | " |
| | | | जम्मा | १८००० | |

| बुझिलिने | कक्षा संख्या | कट्टी गरी भएको भूक्तानी | भुक्तानी गर्नु पर्ने रकम | बढी भूक्तानी (असुल) | कैफियत |
|---|---|---|---|---|---|
| विष्णु प्रसाद अधिकारी | २ | ५१०० | ३००० | १७८५ | प्रशिक्षण (बाह्य) |
| रमाकान्त सापकोटा | २ | ५१०० | ३००० | १७८५ | " |
| तिलक राज पौडेल | १ दिन | १००० | २०० | ८०० | यातायात बापत २ दिन सम्मको अधिकतम रु.२०० |
| हरि कडेल | १ दिन | १००० | २०० | ८०० | " |
| डा.हरि कडेल | १ दिन | १००० | २०० | ८०० | " |
| चित्र ब.रायमाझी | १ दिन | १००० | २०० | ८०० | " |
| पवन वि.क. | १ दिन | १००० | २०० | ८०० | " |
| दुर्गादेवी खड्का | १ दिन | १००० | २०० | ८०० | " |
| मदन खनाल | १ दिन | १००० | २०० | ८०० | " |
| धर्मेन्द्र रायमाझी | १ दिन | १००० | २०० | ८०० | " |
| सोम ब.खड्का | १ दिन | १००० | २०० | ८०० | " |
| सोमनाथ तिवारी | १ दिन | १००० | २०० | ८०० | " |
| सम्झु प्र. पौडेल | १ दिन | १००० | २०० | ८०० | " |
| राजेन्द्र प्र.बराल | १ दिन | १००० | २०० | ८०० | " |
| विदुर अर्याल | १ दिन | १००० | २०० | ८०० | " |
| सुर्यभन्त अधिकारी | १ दिन | १००० | २०० | ८०० | " |
| मनोधर महतो | १ दिन | १००० | २०० | ८०० | " |
| हिमालय खनाल | १ दिन | १००० | २०० | ८०० | " |
| पूर्ण व.पूरी | १ दिन | १००० | २०० | ८०० | " |
| बाबुराम दवाडी | १ दिन | १००० | २०० | ८०० | " |
| बद्रीनारायण शर्मा | १ दिन | १००० | २०० | ८०० | " |
| नारायण प्रसाद वाग्ले | १ दिन | १००० | २०० | ८०० | " |
| जित ब.भट्टराई | १ दिन | १००० | २०० | ८०० | " |
| तिलकराज पौडेल | १ दिन | १००० | २०० | ८०० | " |
| सरोज लामिछाने | १ दिन | १००० | २०० | ८०० | " |
| शिला घिमिरे | १ दिन | १००० | २०० | ८०० | " |
| ससी शर्मा | १ दिन | १००० | २०० | ८०० | " |
| घनश्याम वास्तोला | १ दिन | १००० | २०० | ८०० | " |
| सोम प्र.गुरुङ | १ दिन | १००० | २०० | ८०० | " |
| महेन्द्र प्र.पौडेल | १ दिन | १००० | २०० | ८०० | " |
| सोमनाथ सापकोटा | १ दिन | १००० | २०० | ८०० | " |
| शिवराज पौडेल | १ दिन | १००० | २०० | ८०० | " |
| बलराम लुईटेल | १ दिन | १००० | २०० | ८०० | " |
| सिताराम कोईराला | १ दिन | १००० | २०० | ८०० | " |
| भूमिलाल सुवेदी | १ दिन | १००० | २०० | ८०० | " |
| शिव प्र.पोखरेल | १ दिन | १००० | २०० | ८०० | " |
| कृष्णलाल श्रेष्ठ | १ दिन | १००० | २०० | ८०० | " |
| सन्तोष श्रेष्ठ | १ दिन | १००० | २०० | ८०० | " |
| कालु महतो | १ दिन | १००० | २०० | ८०० | " |
| अजय थिङ | १ दिन | १००० | २०० | ८०० | " |
| प्रभाकर दाहाल | १ दिन | १००० | २०० | ८०० | " |
| दिलिप सिं | १ दिन | १००० | २०० | ८०० | " |
| रिता परियार | १ दिन | १००० | २०० | ८०० | " |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| महेश पाण्डे | १ दिन | १००० | २०० | ८०० | " |
| राजेन्द्र हमाल | १ दिन | १००० | २०० | ८०० | " |
| ध्रुवराज लामिछाने | १ दिन | १००० | २०० | ८०० | " |
| सोम ब. थिङ | १ दिन | १००० | २०० | ८०० | " |
| सम्भू प्र. पौडेल | १ दिन | १००० | २०० | ८०० | " |
| पुष्पा के.सी.कुवर | १ दिन | १००० | २०० | ८०० | " |
| विजय भुजेल | १ दिन | १००० | २०० | ८०० | " |
| मेनेजर महतो | १ दिन | १००० | २०० | ८०० | " |
| | | **जम्मा** | | ४२७७० | |

५६. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैं गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैं खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैं खरिद गर्न नहुने उल्लेख छ ।नगरपालिकाले निम्नानुसारको सोझै खरिद गरेको पाइयो ।

| गो.भौ,मिति | खरीद सामाग्री | खर्च रकम | सप्लायर्स |
|---|---|---|---|
| १६५,०७६।०६।२८ | स्टेशनरी सामाग्री | २८९६८६ | श्री गणेश सप्लायर्स |
| १६५,०७६।०६।२८ | विभिन्न पुस्तक,ऐन, कार्यविधि | १८२२७१ | सिद्धबाबा अफसेट प्रेस |
| २९२,०७६।०८।२२ | स्टेशनरी सामाग्री | ७००६० | सिद्धबाबा प्रेस प्रा.लि. |
| २९२,०७६।०८।२२ | श्री गणेश सप्लायर्स | २६६७३६ | श्री गणेश सप्लायर्स |
| ३३३,०७६।०९।१३ | कार्टेज | ९९८९२ | शंकर स्टेशनरी एण्ड जनरल सप्लायर्स |
| १३९,०७६।०६।१७ | कार्यालय स्टेशनरी सामाग्री | २२०१२४ | सिद्धबाबा प्रेस |
| १३९,०७६।०६।१७ | स्टेशनरी,विभिन्न फारामहरु | ३०९८९० | सिद्धबाबा अफसेट प्रेस |
| | | १४३८६५९ | |

५७. **मेयरकप रनिङ शिल्ड प्रतियोगिताः** कालिका नगरस्तरीय मेयरकप रनिङ शिल्ड प्रतियोगिता २०७६/१०/६ देखि ८ गते सम्म संचालन खर्च गो.भौ.नं.४०-०७६/१०/२७ बाट रु.४३४११७ सम्बन्धमा देखिएकमा व्यहोरा निम्नानुसार रहेको छ ।

५७.१. कार्यक्रम संचालन भएको माइन्युट स्रेस्तासाथ संलग्न रहको छैन । कुन दिन कुन कार्यक्रम संचालन भएको हो सो स्पष्ट भएको छैन ।

५७.२. २०७६/१०/८ गते तेक्वान्दो जुरी र रेफ्रि पारिश्रमिक भनि १४ जनाको रु.२४००० खर्च लेखेको छ ।

५७.३. खेल प्रतियोगिता २०७६/१०/६ देखि ८ गते सम्म संचालन भएकोमा २०७६/१०/७ देखि ९ सम्म भलिवल प्रशिक्षक र सहायक पारिश्रमिक भनि १५ जनाको रु.४५५००/-, मिति २०७६/१०/७ देखि ९ सम्म कबडी प्रशिक्षक , सहायकको पारिश्रमिक २१ जनाको भनि रु.६०५००। र २०७६/१०/९ गते सम्म एथलेक्टिक्स प्रशिक्षक पारिश्रमिक भनि १४ जनाको रु.७८०००/- खर्च लेखेको छ । सो सम्बन्धमा कति प्रशिक्षक राख्ने कतिका दरले पारिश्रमिक दिने लागत स्टिमेट तयार भएको देखिएन । साथै कार्यक्रम संचालन भएको कार्यक्रम प्रतिवेदन पेश भएको छैन ।

५८. **परीक्षा संचालनः** कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन खर्च गो.भौ.नं.८०-०७७/३/९ बाट रु.२४१७९३.७२ लेखेको मध्ये परिक्षा अनुगमन भत्ता भनि १० जना को रु.७२००० खर्च लेखेकोमा अनुगमनमा जाने कर्मचारीले अनुगमन प्रतिवेदन पेश नगरेकोले असुल गर्नुपर्ने रु. — ७२०००.००

५९. **वितरणः** नगरपालिकाले ८० वर्ष भन्दा माथिका असाहय वृद्धवृद्धाहरुलाई न्यानो कपडा वितरण खर्च भनि विभिन्न शिर्षकबाट रु.१७७० का दरले ७९३ थान रु.१४०३६१०/- बराबरको बल्यान्केट खरिद गरी निम्नानुसार वितरण गरेको देखिन्छ ।

| वडा नं. | **MIS** अनुसार वृद्धवृद्धा संख्या | निकासा | वितरण | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७१ | ७५ | ७५ | ० | ३ **MIS** वेगर |
| २ | ८५ | ८५ | ८५ | ० | ३ **MIS** वेगर |
| ३ | ४५ | ४५ | ४५ | ० | ३ **MIS** वेगर |
| ४ | | ३९ | ३९ | ० | वितरण भरपाइ नभएको |
| ५ | ४३ | ४३ | ३६ | ७ | ११ जना **MIS** वेगर |
| ६ | १५६ | १२५ | १२५ | ० | १५ जना **MIS** वेगर |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ९६ | १०६ | १०६ | ० | १० जना **MIS** वेगर |
| ८ | ११० | १०८ | १०८ | २ | १० जना **MIS** वेगर |
| ९ | ५१ | ६९ | ५१ (१८ चेपाङ छात्रबास) | ० | १८ चेपाङ छात्रबास |
| १० | ३१ | १६ | १६ | ० | १ जना **MIS** वेगर |
| ११ | ३४ | २५ | २५ | ० | १ जना **MIS** वेगर |
| | | ७३६ | ७२९ | ७ | |

सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

५९.१. **MIS** नाम उल्लेख नभएका ५७ जनालाई ब्ल्याङकेट वितरण गरेको छ

५९.२. वडा नं ५ मा वितरण मध्ये ७ र उप प्रमुखबाट वितरण गरिएको २४ गरी जना असाहय बृद्ध बृद्धाहरुलाई ब्ल्याङकेट बितरण गरेको भरपाइ पेश भएको छैन ।

५९.३. वडा नं.९ मा बाँकी रहेको १८ थान चेपाङ छात्रबासमा वितरण गरेको पाइयो। असाहय वृद्धवृद्धालाई भनि खरिद गरीएका सामान छात्राबासमा वितरण गर्नु उपयुक्त देखिएन ।

५९.४. खरिद गरिएका ७९३ ब्ल्याङकेट थान मध्ये ७६० थान मात्र वितरण गरी बाँकी रहेको ३३ थान ब्याङकेट मौज्दात रहेकोले आबश्यक भन्दा बढी ब्ल्याङकेट खरिद गरी मौज्दात राखेको छ ।

६०. **कार्यक्रम संशोधन गरी खर्च लेखेकोः** आर्थिक कार्यविधि ऐन,२०५५ तथा नियमावली २०६४ को नियम अनुसार एक शिर्षकमा विनियोजन भएको रकम सोही शिर्षक र कार्यक्रममा खर्च गर्नुपर्नेमा अन्यत्र खर्च गर्ने गरी स्वीकृत गर्ने/ समर्थन गर्ने गरेको देखिएको छ । विशेष परिस्थिति वेगर पटक पटक बजेट र कार्यक्रम संशोधन गर्नु उपयुक्त देखिएन । नगरपालिकाले ४६ औ बैठक २०७७/१/२६ मा बसी निर्णय गरी निम्नानुसारको कार्यक्रम संशोधन गरी खर्च लेखेको देखियो ।

| साबिक कार्यक्रम | विनियोजित रकम | संशोधित कार्यक्रम | संशोधित शिर्षक रकम | खर्च |
|---|---|---|---|---|
| दलित साँस्कृतिक संग्राहलय भवन | | दलित साँस्कृतिक संग्राहलय भवन कम्पाउण्ड निर्माण | | ४९५००० |
| युद्ध संग्राहलय सम्भाव्यता अध्ययन | १०००००० | कम्प्युटर तथा प्रिन्टर खरिद | ५००००० | १०००००० |
| | | सावरी साधन मर्मत | ५००००० | |
| कार्यालय समयभन्दा अगाडी पछाडी र बिदाको समयमा काम लगाउँदा कर्मचारीहरुको पारिश्रमिक | २०००००० | कार्यालय समाग्री, | १५००००० | २०००००० |
| | | बर्थिङ सेवामा खटिने प्राविधिकलाइ भत्ता, | २००००० | |
| | | जुटपानी अस्पताललाइ औषधि लगायतका सामाग्री अनुदान | ३००००० | |
| सार्वजनिक सुनुवाइ कार्यक्रम | ३००००० | मोटर साइकल खरिद तथा मर्मत | | ३००००० |
| सघ प्रदेशमा फिर्ता गर्न बाँकी रकम र | २०००००० | नेवा हार्डवेयर देखि उत्तर जाने बाटो कालोपत्रे | | ४०००००० |
| नगर प्रही गठन र संचालन | २०००००० | | | |
| चेपाङ बस्तीमा होमस्टे संचालन कार्यक्रम | ५००००० | बर्षे घास बिउ अनुदान | १००००० | ५००००० |
| | | दमकल व्यवस्थापन साझेदारी | १००००० | |
| | | सफ्टवेयर तथा अनलाइन सेवा संचालन | ३००००० | |
| हाटबजार व्यवस्थापन | | सफ्टवेयर तथा अनलाइन सेवा संचालन | | २००००० |
| उत्कृष्ट अभ्यास भएका विभिन्न स्थानिय तह वा स्थल भ्रमण, | १४००००० | पदाधिकारी सुविधा | | २४००००० |
| अन्तराष्ट्रिय कार्यक्रममा सहभागिता पदाधिकारी समेत | ५००००० | | | |
| विपन्न दलित छात्रछात्रालाइ उच्च प्राविधिक शिक्षा छात्रवृत्ति | ५००००० | | | |
| बजार अनुगमन कार्यक्रम | ५००००० | फर्निचर तथा फिक्चर्स | १०००००० | ३०००००० |
| वडा कार्यालय भवन निर्माण वडा नं.१० | २५००००० | पुँजिगत परामर्श खर्च | २०००००० | |
| समिपुर विद्यालय क्रमागत | ३५००००० | डिजिटल प्रोफाइल निर्माण | १७००००० | ५७००००० |
